# ७ विश्वासतिर लम्काउने मार्ग

*<u>यस अध्यायको निम्ति पढ्नुहोस्:</u>* गलाती ३:२१-२५, लैबी १८:५, रोमी ३:९-१९, १ कोरन्थी ९:२०, रोमी ३:१,२, रोमी ८:१-४।

*<u>स्मरण गर्नुपर्ने पद:</u>* "पापले गर्दा सारा संसार झ्यालखानामा परिवर्तन भएको छ भनेर धर्मशास्त्र बाइबलले घोषणा गर्दछ। यद्यपि, जुन प्रतिज्ञा दिइएको छ त्यो बिश्वास गर्नेले पाउन् भनेर त्यो अवस्थालाई खुलासा गरिएको छ। येशूमा विश्वास वा आस्थाद्वारा प्रतिज्ञा वा वाचा आउँदछ।"(गलाती ३:२२ रूपान्तरित)।

घरमा पालिएका परेवाहरू सयौं माइल उडेतापनि नहराईकन घरमा फर्कन्छ भन्ने धेरै समयदेखि थाहा भएको प्रचलित तथ्य हो। तैपिन जतिसुकै घर पालुवा असल परेवा भएतापनि कहिलेकाहीँ उडेको ठाउँबाट फर्केर आउन नसकेको घट्नाहरू उल्लेख भएकाछ्न्। यसको बारेमा सबभन्दा नराम्रो घट्ना बिलायतमा भएको थियो। एक दिन ६ लाख डलर मूल्यपर्ने बिसहजार दामी घर पालुवा परेवाहरूलाई उडाएको थियो। तिनीहरू कहिले पनि फर्केर आएनन्। तिनीहरू किन आएनन् सो आजसम्म पनि थाहा छैन।

आफू हराएको कुरा कुनै न कुनै समयमा प्रायजसो हामी सबैले अनुभव गरेकाछौं। यो रमाइलो अवस्था त पक्कै पनि होइन। यदि हामी हराउँछौं भने त्यसबेला चिन्ता र डरले हाम्रो दिमाग ओगेटेको हुन्छ। यसले हामीलाई भयभीत पनि बनाउँदछ।

आत्मिक संसारमा पनि त्यहि कुरा सत्य हुन आउँछ। येशूलाई विश्वास गरेपछि पनि, बप्तिस्मा लिइसकेता पनि, चर्चमा अग्रज भूमिका खेलेतापनि हामी हराउन सक्दछौं।

तर रमाइलो तथा शुभ समाचार त यो छ कि परमेश्वरले हामीलाई छोड्नुहुन्न। हामी कुन आस्था, विश्वास वा निष्ठामा हिँडिरहनुपर्छ भनेर उहाँले सुसमाचारको पुस्तकहरूमा नक्सा कोर्नुभएको छ। तर त्यो नक्सा भित्र रहन विधि पालन गर्नु आवश्यक छ।

व्यवस्थित ढँगले हिंड्न चाहन्छौं भने त्यहाँ व्यवस्था पनि हुनुपर्दछ। कतिले त व्यवस्था पालन गर्नु र परमेश्वरले कोर्नुभएको नक्सा भित्र बस्नु भिन्ना भिन्नै कुरो हो भनेर सोच्दछन्। तर यो गलत धारणा हो। यसको परिणाम दुःखित र गम्भिर हुनसक्दछ। यथार्थमा भन्ने हो भने यदि व्यवस्था छैनभने सुसमाचार पनि हुनेथिएन। यो तितो सत्य हो। परमेश्वरको व्यवस्था बिना सुसमाचारको औचित्य छैन भन्ने तर्क बुझ्न त्यत्ति सजिलो छैन।

## १. व्यवस्था र प्रतिज्ञा (गलाती ३:२१)

परमेश्वरले गर्नुभएका कबुलहरूको बारेमा पावलले टिप्पणी गर्दा व्यवस्थाको प्रतिष्ठालाई ओझेलोमा पारे भनेर उनका बिद्रोहीहरूले उनलाई आरोप लगाउन सम्भावना छ भनेर पावललाई थाहा थियो। त्यसकारण उनीहरूले जे सोचिरहेका थिए, त्यहि सोच पावलले स्पष्ट पार्दछन्: " व्यवस्था परमेश्वरका प्रतिज्ञाहरूको खिलाफमा छ भनेर के तपाईंहरूले सोचिरहनुभएको छ?" त्यसको जवाफ कडा शव्दमा पावल भन्छन् "अहँ, कदापी होइन !" यस्तो खालका सोच असम्भव छ किनकि परमेश्वर आफ्नो खिलाफमा जानुहुन्न। दुबै प्रतिज्ञा र व्यवस्था परमेश्वरले नै दिनुभएको हो। परमेश्वरको कबुललाई व्यवस्थाले विरोध गर्दैन। बरू परमेश्वरले तयार गर्नुभएको मुक्तिको गुरू योजनामा दुबैले फरक भूमिका खेलेको पाइन्छ।

व्यवस्थाको भूमिकालाई पावलका बिरोधीहरूले कस्तो गलत धारणा थियो? तुलनात्मक रूपमा देहायका पदहरू हेर्नुहोस्: गलाती ३:२१, लैबी १८:५ र व्यवस्था ६:२४।

व्यवस्थाको रितिथितिलाई अक्षरस पालन गर्दा आत्मिक जीवन सम्पन्न हुन्छ भनेर ती मानिसहरूले विश्वास गरेका थिए। हुनसक्छ पुरानो करारको लैव्य १८:५ र व्यवस्था ६:२४को गलत व्याख्या गर्दा ती गलत निष्कर्षहरूमा तिनीहरू पुगेका होलान्। परमेश्वरको करारको दायरामा बस्नेहरूको जीवनलाई व्यवस्थाले कसरी निर्देशित गर्दछ भनेर ती पदहरूले देखाएको बुझ्नुपर्ने हो। तर परमेश्वरसँगको सम्वन्धमा व्यवस्था जिम्मेवारी छ भनेर मानिसहरूले सोचेका थिए। तर मानिसहरूलाई आत्मिक रूपमा जीवित गराउन केवल परमेश्वरको शक्ति

र उहाँको आत्माको सक्रियताले मात्र हुन्छ भन्ने तथ्यमा बाइबलले स्पष्ट छ (२ राजा ५:७, नेहमिया ९:६, यूहन्ना ५:२१, रोमी ४:१७)। व्यवस्थाले कुनै मानिसलाई आत्मिक रूपमा जीवित पार्न सक्दैन। तर यसको अर्थ यो पनि होइन कि, व्यवस्थाले परमेश्वरको प्रतिज्ञा वा कबुलहरूको प्रतिरोध गर्दछ।

व्यवस्थाले मानिसलाई जीवन दिन सक्दैन भनेर पावलले प्रमाणित गर्न खोजेको पाइन्छ। गलाती ३:२२मा पावलले लेख्दछन्,“पापले गर्दा सारा संसार कैदी भएको छ भनेर बाइबलले घोषणा गर्दछ" (रूपान्तरित)। हामी कस्तो खराब र दुष्ट छौं भनेर पावलले रोमी ३:९-१२मा पुरानो करारका पदहरूलाई उदृध गर्दछन्। योजनावद्ध रूपमा ती पदहरू एक आपसमा जोडेर पावलले लेख्दछन्। उदाहरणमा, पापको समस्याको मूल जड नै मानिसहरूको स्वार्थी नियत हो जसले मानव हृदयलाई प्रदुषित पार्दछ। अनि अघि बढेर उनले आफ्नो मन्तव्य व्यक्त गर्दछ, संसारको प्रत्येक मानिसको हृदयमा पापले अतिक्रम गरेको छ।

यहाँ पावलले के भन्न खोजिरहेका छन् त? पाप सबैतिर फैलिएको छ, र त्यसको समाधान गर्न व्यवस्था सिमित छ। त्यसकारण हामीलाई अनन्त जीवनको प्रतिज्ञा गरिएको छ केवल ख्रीष्टको निष्ठामा रहेर मात्रै।

हो व्यवस्थाको नितिनियमलाई पालन गरियो भन्दैमा हामीले मुक्ति पाउँदैनौं। त्यसकारण व्यवस्था विषेश गरेर दश आज्ञालाई पालन गर्नुको औचित्य के हो त? त्यसबाट हामीलाई के फायदा हुन्छ त? परमेश्वरको व्यवस्था वा दश आज्ञालाई पालन गरेर केहि उपलव्धी भएको तपाईंले अनुभव गर्नुभएको छ?

## २. “व्यवस्थाको बसमा" (गलाती ३:२२, २३)

“येशू ख्रीष्टमा राखिने विश्वासको अगाडि हामी व्यवस्थाको कैदमा थियौं"(रूपान्तरित) भनेर गलाती ३:२३मा पावलले लेख्दछन्। जब उनले त्यहाँ “हामी" भन्ने शव्द प्रयोग गर्दछन् त्यो गलातीका चर्चहरूमा भएका यहूदी इसाईहरूलाई सम्वोधन गर्दै भनिएको थियो। ती यहूदी इसाईहरूलाई व्यवस्थाको बारेमा राम्रो ज्ञान थियो। गलाती

२:१५ देखि पावलले तिनीहरूलाई यहि भनीरहेका थिए। तर यहाँ गलाती ३:२३मा उल्लेख गरिएको "हामी" र गलाती ३:२६को "तिमीहरू"मा भिन्नता भेट्टाउन सकिन्छ।

गलाती ३:२३मा यसरी पढिन्छ, "विश्वास आउनुभन्दा अघि" तर ग्रीक भाषामा यसरी पढिन्छ, "जब त्यो विश्वास आयो"। येशूलाई विश्वास गर्नु भन्दा अघि व्यवस्थाको स्थान र विश्वास गरेपछि त्यसको स्थानको भिन्नता पावलले देखाइरहेका थिए (गलाती ३:२४)। त्यसकारण "त्यो विश्वास" भन्दा येशू आफै हुनसक्नुहुन्छ, इसाई विश्वास नहुनसक्छन्।

येशू आउनुभन्दा अघि यहूदीहरू "व्यवस्थाको अधिनमा थियो" भनेर पावलले भन्दछन्। "व्यवस्थाको अधिन वा बसमा" भन्नुको तात्पर्य के हो त? गलाती ३:२२,२३लाई रोमी ६:१४,१५, १ कोरन्थी ९:२०, गलाती ४:४,४,५ र गलाती ५:१८सँग तुलना गर्नुहोस्।

उनको पत्रहरूमा पावलले "व्यवस्थाको बसमा वा अधिनमा" भनेर १२ पटक प्रयोग गरेको पाइन्छ। यसको दुई फरक अर्थ हुनसक्छ।

क. "व्यवस्थाको बसमा वा अधिनमा" भन्दा मुक्ति पाउनको निम्ति पालन गर्ने व्यवस्था (गलाती ४:२१)। जीवन दिने धार्मिक जीवन केवल आज्ञा मानेरमात्र पाइन्छ भनेर गलातीमा रहेका पावलका विरोधीहरूले प्रचार गर्न कोशिष गरिरहेका थिए। तर यो असम्भव छ भनेर स्पष्ट रूपमा पावलले भनिसकेका थिए (गलाती ३:२१,२२)। अझ कडा शव्दमा पावलले पछि औँल्याउँदछन् कि व्यवस्थाको बसमा रहने इच्छा गर्दा गलातीहरूले ख्रीष्टलाई अश्विकार गरिरहेका थिए (गलाती ५:२-४)।

ख. "व्यवस्थाको बसमा" भन्दा मानिसहरूलाई दोषी ठहराएर फैसला गरेको थियो भन्ने आभास पाइन्छ (रोमी ६:१४,१५)। व्यवस्था आफैले पापलाई क्षमा दिन सक्दैन। त्यसैकारण कसैले व्यवस्थालाई तोड्यो भने त्यो मानिस दोषी ठहर्छ वा दोषी मनस्थितिमा मानिसलाई हुल्दछ। सबै मानिसहरू यहि अवस्थामा छन्। जेलको हाकिमले जस्तै व्यवस्थाले काम गर्दछ। जस जसले व्यवस्थाको उल्लंघन वा अवज्ञा गर्दछ तिनीहरूलाई व्यवस्थाले बाँधेर राख्दछ र मृत्यु दण्डको निम्ति

तिनीहरूलाई वन्धमा राख्दछ। "व्यवस्थाको मुनी वा बसमा" भनेर जब पावलले भन्दछन् तब त्यसलाई पहरदारी वा वन्धकको (गलाती ३:२३) रूपमा प्रयोग गरिएको हो भन्ने पछिको बुँदामा हेर्नेछौं।

ग्रीक शव्द, इनिमोस (ennoms)लाई प्रायजसो "व्यवस्थाको अधिनमा वा बसमा" भनेर अनुवाद गरिएको पाइन्छ। तर यसको साँच्चिकै अर्थचाहिँ "व्यवस्थाभित्र" हो। अर्को अर्थमा भन्ने हो भने ख्रीष्टसँग एक भएपछि व्यवस्थाका नितिहरूलाई पालन गर्नु हो (१ कोरन्थी ९:२१)। तर "व्यवस्थाको काम भन्दा" ख्रीष्टबिनाको जीवनले व्यवस्थालाई पालन गर्न खोज्नु हो। तर यसले मानिसहरूलाई निर्दोष ठहराउन सम्वभ छैन किनभने केवल बिश्वासद्वारा मात्र मानिस धर्मी भएर वाँच्न सक्दछ (गलाती ३:११)। यस आत्मज्ञानको अर्थ यो होइन कि व्यवस्था असल छैन। तर व्यवस्थाले हामीलाई अनन्त जीवन दिन सक्दैन भनेर त्यसले देखाउँदछ। येशू आइसक्नुभएपछि व्यवस्थालाई पालन गरेर धर्मी हुने धारणा पुरानो संस्कारमा गनियो भन्ने कुरामा हामी यकिन हुनुपर्दछ।

## ३. व्यवस्थाले हामीलाई सुरक्षाप्रदान गर्दछ (व्यवस्था ७:१२-२४)

यहाँ व्यवस्थाको बारेमा दुई आधारभूत तर्क प्रस्तुत गरिएको छ। पहिलो त, अब्राहमलाई परमेश्वरले दिनुभएको प्रतिज्ञालाई व्यवस्थाले निकम्मा तुल्याउँदैन (गलाती ३:१५-२०)। दोश्रो, परमेश्वरका प्रतिज्ञाहरूको बिरुद्धमा व्यवस्था छैन (गलाती ३:२१,२२)।

अनि व्यवस्थाले हाम्रो जीवनमा कुन भूमिका खेल्दछ त? (अर्थात् येशूलाई विश्वास गरेपछि व्यवस्थाको औचित्य समाप्त भयो त?)। मानिसको पापले गर्दा व्यवस्था थपियो भनेर पावल लेख्दछन् (गलाती ३:१९ रूपान्तरित)। व्यवस्थाको बारेमा तिन विभिन्न शव्दहरू प्रयोग गरेर पावलले आफ्नो धारणालाई स्पष्टरूपमा राख्दछन्, विशेष गरेर ती शव्दहरू कीङ्ग जेम्स अङ्ग्रेजी बाइबलमा यसरी अनुवाद गरिएको छः हामीलाई व्यवस्थाको अधिनमा राखियो, विश्वास नआएसम्म थुनिएर राखियो र हाम्रो पाठशालाको गुरु (स्कुलमास्टर, नेपाली अनुवादमा संरक्षक) (पद २४)।

प्रार्थनापूर्वक र ध्यानपूर्वक गलाती ३:१९-२४ पढ्नुहोस्। गहिरो तरिकाले पावलले व्यवस्थाको बारेमा यहाँ के भनीरहेका छन् त?

गलाती ३:१९मा उल्लेखित व्यवस्थाको सन्दर्भमा पावलले गरेका टिप्पणीहरूलाई प्रायजसो बाइबलको आधुनिक अनुवादहरूमा नकारात्मक तरिकाले वाख्या गरेको पाइन्छ। तर सुरूको ग्रीक भाषा अर्थात् जुन भाषामा पावलले यो पत्र लेखिएका थिए, त्यसले नकारात्मक सन्देश दिँदैनन्। ग्रीक भाषामा राखियोको अर्थ रक्षक भनेर अर्थ लगाइएको छ। यो शव्द नकारात्मक रूपमा पनि प्रयोग गरिन्छ, जस्तै अपहरणकर्ताले माग पूरा नभएरसम्म वन्धक बनाउने वा निगरानी वा पहरेदारी((२ कोरन्थी ११:३२)। तर नयाँ करारमा व्यवस्थालाई सकारात्मक अर्थ दिइएको पाइन्छ जस्तै "सुरक्षा दिने" वा "सुरक्षित राखिएको" (फिलिप्पी ४:७, १ पत्रुस १:५)। "थुनिएको" वा "प्रकट नहुनञ्जेल राखिएको" भन्ने अनुवादको अर्थ पनि त्यहि हो (गलाती ३:२३)।

अनुवाद गर्ने क्रममा त्यो शव्दलाई यसरी पनि अनुवाद गर्न सकिन्छः (१) "बन्द गर्नु" (उत्पत्ति २०:१८), (२) "थुनिनु" (प्रस्थान १४:३, यहोशू ६:१, यर्मिया १३:१९), (३) "पक्रनु" वा कुनै पदार्थ भित्र बाहिर ननिस्कुन् भनेर त्यस भित्र समावेश गर्नु जसरी जालोमा माछा (लुका ५:६) अथवा (४) "सिमितमा राखिनु" अर्थात् कोहि आफ्नो इच्छाको बिपरित जान नचाहे त्यहि भित्रै उसलाई राखी छोड्नु- "अनाज्ञाकारितामै सुम्पनुभएको छ" (रोमी ११:३२)। उपरोक्त उदाहरणहरूले गलाती ३:१९को शव्दलाई सकारात्कम र नकारात्मक अर्थ लगाउन सकिन्छ।

इस्रायलीहरूको निम्ति दश आज्ञा (नैतिक व्यवस्था) र रितिथितिको व्यवस्था कसरी सहयोगी भयो त? देहायका पदहरू पढ्नुहोस्ः रोमी ३:१,२, व्यवस्था ७:१२-२४ र लैब्य १८:२०-३०।

व्यवस्थालाई नकारात्मक शव्दहरू प्रयोग गरेर पावल बोल्न सक्थे होलान् (रोमी ७:६ः गलाती २:१९)। तर व्यवस्थाको बारेमा धेरै सकारात्मक धारणाहरू उनले राखेको पाइन्छ (रोमी ७:१२, रोमी ८:३,४ र रोमी १३:८)। इस्रायलीहरूलाई व्यवस्था श्रापको रूपमा

परमेश्वरले लादनु भएको होइन। बरू त्यो त आशिषको निम्ति दिनुभएको हो। यहूदी परम्परा अर्थात् बलीप्रथाले पापलाई पूर्ण रूपमा धुन सकेको थिएन। तर त्यस प्रथाले कबूल गरिएको मसिहलाई औंल्याउँथ्यो, जसले मानिसको पापलाई सफा गरेर धुन सक्नुहुन्थ्यो र बाइबलको समयमा भएका अनेकौं सभ्यता अर्थात् रहनसहनमा समावेश भएका पापहरूबाट त्यस प्रथाले इस्रायलीहरूलाई सुरक्षित राखेको थियो। पावलले व्यवस्थाको बारेमा सकारात्मक टिप्पणीहरू बाइबलको अरू भागहरूमा गरेका कुरालाई मध्यनजरमा राख्दा उनले व्यवस्थाको बारेमा गरेको टिप्पणीहरूलाई नकारात्मक रूपमा लिनु गलत हो भनेर देखाउँदछ।

कुनै असल वस्तुलाई गलत ढँगले प्रयोग गरिएको के तपाईँलाई थाहा छ? मानिसको उपचारको निम्ति आविश्कार गरेको औषधीलाई लागु पदार्थको रूपमा प्रयोग गरेर दुरुपयोग गरेको एक ज्वलन्त उदाहरण हो। तपाईँकै जीवनमा यो तथ्थलाई अनुभव गर्नुभएको छ त? यस ज्ञानलाई मध्यनजर राखेर हेर्दा, व्यवस्थाको बारेमा पावलले गरेको टिप्पणीहरूलाई बुझाउन यसले कसरी सहयोग गर्दछ?

## ४. व्यवस्था हाम्रो शिक्षक वा दिशानिर्देशक (गलाती ३:२४)

व्यवस्था हामीलाई रक्षा गर्ने सुरक्षा गार्ड हो भनेर पावलले गलाती ३:२३मा भनेका छन्। यो धारणालाई स्पष्ट पार्न पद २४मा पावलले कुन उदाहरण प्रस्तुत गरेका छन्? यसको अर्थ के हो?

गलाती ३:२४मा यसरी लेखिएको छ, “विश्वासद्वारा हामी धर्मी ठहरिन सकौं भनेर व्यवस्थालाई हाम्रो संरक्षक भई हामीलाई ख्रीष्टसम्म दोहोऱ्याउने जिम्मा दिइयो।" नेपाली भाषामा “संरक्षक" भनेर अनुवाद गरिएको छ भने किंग जेम्सको अङ्ग्रेजी अनुवादमा “स्कुलको शिक्षक" भनिएको छ। यो शव्द ग्रीक भाषाको पेडागोगोस (paidagogos) शव्दबाट अनुवाद गरिएको हो। बाइबलको अरू अनुवादमा “अनुशासनमा राखिने व्यक्ति" वा “गुरू" वा नेपालीमा “संरक्षक" भनेर अनुवाद गरिएको पाइन्छ। तर यथार्थमा यो शव्दको अर्थ एउटैले मात्र बुझाउँदैन। पौराणिक रोममा पेडागोगोस वा अनुशासनमा चलाउने व्यक्ति दास थियो जसलाई मालिकका छ, सात वर्षका छोराछोरीहरूलाई

तह लगाउन खताइन्थ्यो। युवा अवस्था नहुँञ्जेल त्यो दासले ती केटाकेटीको पछि पछि लाग्नु पर्दथ्यो। त्यस रेखदेख गर्ने दासको अरू जिम्मेवार पनि थियो, जस्तै मालिकका छोराछोरीहरूको शारीरिक अवस्थामा ध्यान दिने, तिनीहरूलाई नुहाइ दिने, खाना लुगा दिने र खतराबाट सुरक्षा प्रदान गर्ने। तिनीहरूलाई स्कुल पठाउने र तिनीहरूको होमवर्कमा मद्दत गर्न पनि त्यस दासको जिम्मेवारी थियो। तिनीहरूको जीवनशैलि ठिक छ कि छैन र तिनीहरू ठिक व्यवहारमा चलेका छन् कि छैनन् भनेर सिकाउन र हेर्न त्यस दासबाट अपेक्षा गरिन्थ्यो।

निसन्देहः कुनै कुनै दास-गुरुलाई केटाकेटीहरूले मन पराएका हुन्थे किनभने तिनीहरूले आफ्ना संरक्षकमा रहेका बालबालिकाहरूलाई माया गर्दथे। तर त्यसबेलाको वर्णन अनुसार प्रायजसो ती दास-गुरूहरू अत्यन्त कडा हुन्थे। पिटेर हुन्छ की निर्दयी तरिकाले तर्साएर हुन्छ ती दास-गुरूहरूले केटाकेटीहरूलाई तह लगाउँथे। व्यवस्थालाई कडा अनुशासनमा राख्ने गुरूको संज्ञा दिएर त्यसको काम के रहेछ भनेर उनले आफ्नो धारणा स्पष्ट रूपमा राखेको पाइन्छ। व्यवस्था विषेश गरेर दश आज्ञा नै किन नहोस्, त्यसले हाम्रो पापलाई औंल्याउँछ र त्यसबाट पर बस्न के गर्नुपर्छ भनेर सिकाउँछ। त्यहि पापले गर्दा व्यवस्था थपिएको हो। व्यवस्थाको स्वभाविक कामले गर्दा त्यसप्रति नकारात्मक सोचाइ राखिन्छ। किनभने यसले हामीहरूको पापले गर्दा हामीलाई झपार्छ र हामी पापी हौं भनेर दोषित तुल्याउँछ। तर व्यवस्थाको त्यो नकारात्मक भूमिकाले हाम्रै भलाइको काम गर्दछ। व्यवस्थाको नकारात्मक स्वभावले हामीलाई ख्रीष्टतिर नजिक ल्याउँदछ। यसले गर्दा व्यवस्था र सुसमाचार एक आपसमा पूरक भएर काम गर्दछ, प्रतिस्पर्धा भएर होइन। हामीलाई नै मुक्ती दिन वा पापबाट मोक्ष दिलाउन परमेश्वरले व्यवस्था र सुसमाचार सँगसँगै योजनावद्ध रूपमा दिनुभएको हो।

"गलाती ३:२४ पदमा दश आज्ञाको बारेमा पावलद्वारा पवित्र आत्माले बोलिरहनुभएको थियो। व्यवस्था वा दश आज्ञाले हाम्रो पापलाई देखाउँदछ। यसले हामीलाई ख्रीष्टको आवश्यकतालाई पहिचान गराउँदछ। उहाँबाट पाउने क्षमा र शान्तिको निम्ति उहाँतिर हामी

फर्कौस् भनेर यसले चाहन्छ। पापको प्रायश्चित गर्दै परमेश्वरकहाँ हाम्रो मन यसले फर्काउँछ। अनि त्यसबाट अभिप्रेरित भएर विश्वाससाथ हामी प्रभु येशूख्रीष्टमा लाग्दछौं।"-एलेन जी ह्वाइट, सेलेक्टेड मेसेजेज्, बुक १, पृ. २३४बाट रूपान्तरित।

तपाईंको काम र व्यवस्था अर्थात् दश आज्ञासँग मिलोमत्तो छ कि छैन भनेर पछिल्लो पटक कहिले तुलना गर्नुभएको छ? यदि छैन भने अहिले गर्नुहोस्। केवल अक्षरस रूपमा व्यवस्थासँग तुलना नगर्नुहोस् तर आत्मिक रूपमा पनि गर्नुहोस् (मत्ती ५:२८, रोमी ७:६)। यसको परिणाम के छ? यस पत्रमा पावलले के भनिरहेका छन् भनेर तपाईंकै आफ्नो अनुभवले के भन्दछ?

## ५. व्यवस्था र बिश्वासीवर्ग (गलाती ३:२५)

दश आज्ञालाई नितिनियम वा परम्परामा ढालेर त्यसको पालना गर्नुपर्दैन भनेर पावलको गलाती ३:२५को टिप्पणीलाई गलत ढँगले वाख्या गर्दै त्यसबाट अलग हुन धेरैले बहाना बनाउँछन्। पावलले व्यवस्थाको बारेमा बाइबलको अरूभागमा सकारात्मक टिप्पणीहरू गरेको सन्दर्भमा त्यो बहाना अर्थहिन छ।

यद्यपि गलाती ३:२५मा उल्लेखित, "तर अब विश्वास आएको हुनाले अब उप्रान्त हामी संरक्षकको अधिनमा छैनौं।" भनाईको तात्पर्य के हो त?

प्रथमतः हामी अब व्यवस्थाको न्यायको मातहतमा छैनौं (रोमी ८:३)। विश्वासी भएका हुनाले हामी ख्रीष्टमा छौं र उहाँको अनुग्रहलाई उपभोगर्ने अवसरमा छौं (रोमी ६:१४,१५)। यसले गर्दा अब हामीले अलिकति भुल गरेतापनि दोषी ठहरनेछौं वा अनुशासनको लठ्ठीले हान्लाकी भनेर नडराईकन पूर्णरूपले येशूको सेवा गर्न स्वतन्त्र हुन्छौं। सुसमाचारले दिइएको सत्य स्वतन्त्रता भनेको के हो भनेर त्यस धारणाले हामीलाई सिकाउँदछ। अब दश आज्ञा निकम्मा भयो, त्यसको वास्ता गर्नु पर्दैन भनेर हात बाँधेर बस्नलाई त्यस धारणाले समर्थन गर्दैन। कतिले भन्दछ, परमेश्वरको दश आज्ञा वा व्यवस्थाको मुनी नरहनु वा परमेश्वरको विधिको शासनमा नरहनु नै येशूमा पाउने स्वतन्त्रता हो भनेर दावी गर्दछन्। तर व्यवस्थालाई अवज्ञा गर्नु नै पाप

हो। अनि पापले सबै थोक त दिन्छ होला तर सच्चा स्वतन्त्रता दिँदैन (यूहन्ना ८:३४)।

दश आज्ञा वा व्यवस्थाले हामीलाई दोषी देखाएर न्याय गर्दैन भनेर पावलले रोमी ८:१-३मा भनेको तात्पर्य के हो? यो अचम्मको सत्य कुराले हाम्रो जीवनमा कसरी असर पार्दछ?

जब हामीलाई ख्रीष्टले क्षमा दिनुभयो तब दश आज्ञा वा व्यवस्थासँगको सम्वन्ध भिन्नै हुन जान्छ। त्यसले हामीलाई परमेश्वरलको मनपर्ने जीवन हामी बिताउनुपर्छ भनेर आह्वान गर्दछ (१ थेस्सोलोनी ४:१)। पावलले यस जीवनलाई पवित्र आत्मासँगसँगै हिंड्नु हो भनेर तुलना गर्दछन् (गलाती ४:१)। यसको अर्थ यो होइन, दश आज्ञा वा व्यवस्थाको औचित्य हाम्रो निम्ति समाप्त भयो। यो कहिलै पनि असहमतको विषय भएको थिएन। पाप भनेको के हो भनेर दश आज्ञा वा व्यवस्थाले नै स्पष्ट रूपमा परिभाषा गर्दछ भने, व्यवस्थाको औचित्य कसरी समाप्त भयो भनेर हामी भन्न सक्छौं?

बरू दश आज्ञा वा व्यवस्था परमेश्वरको चरित्रको प्रतिलिपी हो। जब हामी परमेश्वरको आज्ञालाई पालन गर्दछौं, हामीले पनि उहाँको चरित्रलाई प्रतिविम्व गर्दछौं। नितिनियम वा विधिलाई पछ्याउनु नभइ हामी येशूको उदाहरणको पछि लाग्दछौं। व्यवस्थाले के गर्न सक्दैन उहाँले हाम्रो निम्ति गर्नुहुन्छ। उहाँले व्यवस्थालाई हाम्रो हृदयमा कोरीदिनुहुन्छ (हिब्रू ८:१०)। दश आज्ञा वा व्यवस्थाले माग गरेको धार्मिक आवश्यकतालाई पूरा गर्न उहाँले नै हामीलाई सामर्थी बनाउनुहुन्छ (रोमी ८:४)। त्यसकारण येशूसँगको सम्वन्धले गर्दा पहिला कहिलै पनि नपाएको व्यवस्था वा दश आज्ञा पालन गर्ने शक्ति हामी पाउँदछौं।

“यस हेतुले कि व्यवस्थाको उचित आवश्यकता हामीमा पूर्ण होस्, हामो जो पापस्वभावका होइन, तर पवित्र आत्मा अनुसार चल्दछौं।" पावलको रोमी ८:४को अभिव्यक्तिले हामीलाई के भनीरहेको छ? के यो प्रतिज्ञा वा कबूल तपाईंकै जीवनमा कहिलै पूरा भएको अनुभव गर्नुभएको छ? मुक्ति भनेको हाम्रो निम्ति ख्रीष्टले के गर्नुभयो त्यसमा आधारित छ तर हामीले केहि गरेर प्राप्त गर्ने होइन। यो सत्यलाई किन हरदम आत्मसात् गरिराख्नुपर्दछ?

## उपसंहारः

थप जानकारीः “गलातीको पत्रमा उल्लेख गरिएको व्यवस्थाको बारेमा मानिसहरूले मलाई जिज्ञासा राखेकाछन्। व्यवस्था संरक्षक वा गुरु कुन् हो जसले ख्रीष्टमा हामीलाई ल्याउँदछ? म यो जवाफ दिन्छुः दुबै विधि (बलीप्रथा) र दश आज्ञाका व्यवस्था।

“सारा यहूदी धर्मको संस्थापक ख्रीष्ट हुनुहुन्थ्यो। येशू ख्रीष्टको रगतले मुक्ति पाउँछ भन्ने परमेश्वरको योजनालाई केनले अवज्ञा गरेको कारण हाबेललाई उसले मारीदियो। जब यहूदीले थुमालाई मारेर त्यसको रगत परमेश्वरको पवित्र बासस्थान अर्थात् वा आराधनाको घरमा छर्कन्छन् तब त्यसले ख्रीष्टलाई औंल्याएको हुन्थ्यो। केनले थुमा बलि चढाउन अश्विकार गर्दा ख्रीष्टको रगतले मात्र संसारको उद्धार हुन्छ भन्ने ज्ञानलाई उसले सरासर ठुक्राएको पाउँछौं। बलिप्रथाको सम्पूर्ण योजना परमेश्वरले नै गर्नुभएको थियो  र त्यस सारा बिधिको आधार ख्रीष्ट हुनुभएको थियो। पवित्र स्थानमा गरिने सबै बिधिबिधानहरू गुरु जस्तै हुन् जसले पापी मानिसहरूलाई येशूतिर हेर्न सघाउँदछ। सारा यहूदी धार्मिक विधिविधानहरूको आधारशीला ख्रीष्ट हुनुहुन्छ।

“पवित्र बासस्थानमा गरिने दैनिक सेवाकार्यहरूले सबै मानिसहरूको निम्ति ख्रीष्टले महा-पूजारीको काम गर्नुभएको देखाएको थियो। प्रत्येक मानिसको हृदयमा परमेश्वरको व्यवस्था प्रेम जागोस भनेर यो सेवाकार्यलाई तर्जुमा गरिएको थियो। त्यो परमेश्वरको राज्य व्यवस्था हो।"-एलेन जी ह्वाइट, सेलेक्टेड मेसेजज्, बुक १, पृ. २३३बाट रूपान्तरित।

“दश आज्ञाको व्यवस्था वा नितिनियम केवल हामीलाई दोषी ठहराउनलाई दिइएको थिएन। यसले परमेश्वरको करुणालाई पनि देखाउँदछ। यसले यस्ता कामहरू गर्नु हुन्न भनेर निर्देशन दिँदछ, जसलाई पालन गर्दा हामीलाई सुखी दिँदछ। यदि येशूमा ती आज्ञालाई लिन सक्यौं भने त्यसले हाम्रो चरित्रलाई निर्मल र शुद्ध बनाउँदछ जसले हामीमा सदाको निम्ति आनन्द ल्याउँदछ। जो मानिसहरूले त्यसलाई पालन गर्दछ तिनीहरूको निम्ति परमेश्वरको आज्ञा सुरक्षादिने किल्ला हुनजाँदछ।"।"-एलेन जी ह्वाइट, सेलेक्टेड मेसेजज्, बुक १, पृ. २३५बाट रूपान्तरित।

**चिन्तनमनन:**

क. पापप्रति कसरी बिजय प्राप्त गर्ने भनेर हामी आफ्नो जीवनमा आन्तरिक संघर्ष गरीरहेका हुन्छौं। पापप्रति बिजय पाउन परमेश्वरले हामलाई प्रतिज्ञाहरू दिनुभएको छ। के ती प्रतिज्ञाहरू तपाईंलाई थाहा छ ? ती प्रतिज्ञाहरूलाई हाम्रो जीवनमा कसरी उतार्ने? फेरि त्यसै समयमा मुक्तिको निम्ति हाम्रो पूर्ण आशा हाम्रो निम्ति येशूले प्राप्त गर्नुभएको बिजयमा नै भरपर्नुपर्छ भनेर कसरी सजग हुने?

ख. दश आज्ञाको औचित्य समाप्त भयो भनेर अधिकांस इसाईहरूले दावी गर्दछन्। फेरि ती इसाईहरूले नै पापको बिरूद्धमा बोल्दछन्। यसको अर्थ दश आज्ञा नराम्रो छैन भनेर तिनीहरूले भनिरहेका हुन्छन्। त्यसकारण व्यवस्था हटिगयो भन्दा तिनीहरूले के भन्न खोजीरहेको हो त?

**सारांश:** पापीहरूलाई येशूतिर औंल्याउन व्यवस्था दिइएको हो। स्कुलको शिक्षकले जस्तै यसले परमेश्वरको बारेमा शिक्षादिक्षा दिँन्छ र दुष्टताबाट हामीलाई सुरक्षित राख्दछ। जसरी गुरुले सजायँ दिने जस्तै यसले हाम्रो पापपूर्ण चरित्रलाई प्रकट गर्दछ र हामी दोषी भएको यसले ठहराउँछ। त्यस न्यायको व्यवस्थाबाट ख्रीष्टले हामीलाई स्वतन्त्र पार्नुहुन्छ किनभने अब उहाँको व्यवस्था कुनै पाटी वा कागजमा नभएर हाम्रो हृदयमा उहाँले लेखिदिनुहुन्छ।